जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १२१ २०८२ साल मंसिर २४ गते बुधवार (10 Dec 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'दलित महिला र बालिकामाथि ... ३ पृष्ठमा : समानुपातिकतर्फको निर्वाचन ... ३ पृष्ठमा स्नन् २०२५ रेकर्डमा...

## आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै सरकारी कार्यालय र पालिका बन्द



**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै मंगलवार सप्तरीका सरकारी कार्यालय तथा जिल्लाका सबै पालिका बन्द गर्ने घोषणाको मिश्रित प्रभाव देखिएको छ ।

गठित संघर्ष समितीद्वारा आह्वान गरिएको बन्दको प्रभाव पालिका र मातहतका कार्यालयमा देखिएपनी सरकारी कार्यालयहरुमा खासै देखिएन । विहान ११ बजे देखी संर्घष समितिका पादाधिकारी तथा जेनजी अगुवाहरु राजविराजस्थित सरकारी कार्यालयहरु बन्द गराउँदै हिडेपछी सेवा प्रवाहमा भने समस्या देखिएको थियो ।

गत कार्तिक १७ गते नेपाल सरकारले देशभरीका ३८ स्थानमा रहेका करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । सो निर्णयले जिल्लाका ७२ हजार करदातालाई सेवा प्रदान गर्दै आएको राजविराजस्थित करदाता सेवा कार्यालय पनि बन्द हुने भएपछी स्थानीय आन्दोलित भएका हुन ।

जनयुद्धकालमा राजविराजमा आफ्नै जग्गामा रहेको आन्तरिक राजश्व कार्यालय पनि यहाँबाट सिरहाको लहान सारिएको थियो । त्यसको विकल्पको रुपमा २०७५ सालमा यहाँ स्थापना गरिएको करदाता सेवा कार्यालय पनि खारेजीमा परेपछी स्थानीयवासी आन्दोलित भएका छन ।

संघर्ष समितीका संयोजक मोहन कुमार यादवले तोकेको लक्ष्य भन्दा बढी राजश्व संकलन गरिरहेको अवस्थामा यहाँबाट करदाता सेवा कार्यालय हटाउनु अविवेकीपुर्ण निर्णय भएको बताए । उक्त कार्यालयको राजविराज ७ मा आफ्नै नाममा भवन सहितको ८ कठ्ठा जग्गा रहेको र नाफामा रहेको अवस्थामा कार्यालय हटाउनु भनेको सप्तरीका जनतालाई दुःख दिने नियत रहेको आरोपका साथ उनले उक्त कार्यालय पुनः स्थापना नगरिए आन्दोलनको आँधीवेरी सिर्जना गर्ने चेतावनी समेत दिए ।

करदाता सेवा कार्यालय पुनः स्थापनाको माँग गर्दै यस अघि विरोध प्रर्दशन, हस्ताक्षर अभियान, बजार बन्द, प्रधानमन्त्रीलाई ज्ञापन पत्र, गजेन्द्र चौक र जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना लगायतका आन्दोलनका कार्याक्रम गरिसकेका संघर्ष समितीले सरकारले अविलम्ब माँग सम्बोधन नगरे आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने जनाएको छ ।

## 'जेनजी' प्रदर्शनको दमनबारे 'एम्नेस्टी' को प्रतिवेदन सार्वजनिक

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

एम्नेस्टी इन्टरनेसनलले गत भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शन नियन्त्रणका क्रममा भएका मानवअधिकार उल्लङ्घनबारे प्रतिवेदन सार्वजनिक गरेको छ ।

सोमबार काठमाडौँमा आयोजित कार्यक्रममा प्रतिवेदन सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले शान्तिपूर्ण भेला गरिरहेका युवामाथि गरिएको बल प्रयोग मानव जीवनप्रति निष्ठुर बेवास्ता रहेको टिप्पणी गर्नुभयो । उहाँले जिम्मेवार सबैलाई पद वा हैसियतको प्रवाह नगरी निष्पक्ष प्रक्रियाबाट कारबाहीमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

शान्तिपूर्ण प्रदर्शनमा सुरक्षा निकायद्वारा अत्यधिक बल प्रयोग, गैरकानुनी हत्या र घाइते हुने घटनाले अन्तरराष्ट्रिय मानवअधिकार मापदण्ड उल्लङ्घन गरेको स्पष्ट देखाइएको प्रतिवेदनमा उल्लेख छ । भदौ २३ गते काठमाडौँमा कम्तीमा १९ जनाको मृत्यु र ३०० भन्दा बढी घाइते भएको प्रतिवेदनमा उल्लेख छ । त्यसपछिका अशान्तिमा देशभर ७६ जनाको मृत्यु र दुई हजारभन्दा बढी घाइते हुने अवस्था

*बाँकी तीन पृष्ठमा*

## अझै फेला परेनन् एक सय ११ जना बालबालिका, महिला तथा ज्येष्ठ नागरिक

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

साढे तीन वर्षको अवधीमा सप्तरीबाट हराएका मध्येबाट एक सय भन्दा बढी बालबालिका, महिला तथा ज्येष्ठ नागरिक फेला पर्न सकेका छैनन् ।

सो अवधीमा जिल्लाबाट हराएका बालबालिका, महिला तथा ज्येष्ठ नागरिकमध्ये १ सय ११ जना अहिलेसम्म फेला पर्न नसकेको प्रहरीको तथ्याङ्कले देखाएको हो ।




जिल्ला प्रहरी कार्यालय सप्तरीले लैङ्गिक हिंसाबिरुद्ध आयोजना गरेको अन्तरकृया कार्यक्रममा आर्थिक बर्ष २०७८/०७९, ०७९/०८०, २०८०/०८१ र चालु आ.ब. २०८२/०८३ को हालसम्म हराएका १ सय ११ जना फेला पर्न नसकेको प्रहरी निरीक्षक अनिल साहले जानकारी दिएका छन् । तीन बर्षमा ४ सय २६ जना हराएकोमा ३ सय ६१ जना फेला परेको तथा ६५ जना अझै फेला नपरेको उनले बताए ।

यस अवधिमा ४६ जना बालक हराएकोमा ३९ जना फेला परेको तथा ७ जना अझै फेला नपरेको, १ सय ५२ जना बालिका मध्येबाट १ सय १९ जना भेटिएको, २ सय ११ जना महिला मध्येबाट १ सय ९५ जना भेटिएको र ९ जना ज्येष्ठ नागरिक हराएकोमा ८ जना भेटिएको प्रहरीको तथ्यांकले देखाएको छ ।

यस्तै चालु आ.ब. २०८२/८३ को साउनदेखि अहिलेसम्म १ सय ३९ जना हराएकोमा ८० जना भेटिएको र ४६ जना अझै फेला पर्न सकेको नसकेको प्रहरीले जनाएको छ । यसरी ६५ जना

*बाँकी तीन पृष्ठमा*

## एउटा व्यक्ति एउटा सहकारीमा मात्रै संचालक बस्न पाउने व्यवस्था कार्यान्वयन गर्न निर्देशन

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ मंसिर ।**

कुनै व्यक्ति एक समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुनसक्ने व्यवस्था कार्यान्वयन गर्न सहकारी विभागले निर्देशन दिएको छ ।

विभागले सोमबार देशभरका सहकारी संस्थालाई निर्देशन दिँदै सहकारी ऐन २०७४ को दफा ४१ को व्यवस्था कार्यान्वयन गर्न भनेको हो । यसअघि पटक-पटक निर्देशन गर्दा पनि अटेरी भएको भन्दै विभागले ऐनको व्यवस्था अविलम्ब कार्यान्वयन गर्न भनेको हो ।

"केही व्यक्तिहरू दोहोरो सञ्चालकका रूपमा कार्यरत रहेको भन्ने गुनासो प्राप्त भइरहेकाले निर्देशनका बाबजुत यसरी हालसम्म पनि दोहोरो सञ्चालकमा बहाल रहनुभएका सञ्चालक सदस्यलाई यथाशीघ्र उक्त कानुनी प्रावधान कार्यान्वयनका लागि सम्बन्धित सबै सहकारी संस्था तथा सञ्चालक सदस्यलाई यो निर्देशन जारी गरिएको छ", विभागको निर्देशनमा भनिएको छ ।

त्यस्तै, सहकारी संस्थाको नियमनको भूमिकामा रहेका सबै नियमनकारी निकायहरूले नियमित अनुगमन, निरीक्षण, नियमन तथा सुपरिवेक्षण गरी यो व्यवस्था कार्यान्वयन भए-नभएको जाँच गर्नसमेत विभागले निर्देशन दिएको छ ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं।**

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हिंसा न्युनिकरण गर्न अझै महिनेत आवश्यक

समाजमा हुने सबै खाले हिंसा अन्त्य गर्न अझ अग्रसर हुनु पर्ने अवस्था देखिन्छ। घरेलु हिंसा, महिला हिंसा जस्ता हिंसालाई न्युनिकरण गर्न चौतर्फि रुपमा सबैजना अग्रसर हुनुपर्छ। त्यस मध्ये बलात्कारका घटना सबै भन्दा बढी हुने गरेको छ। पाशविक मानसिकता भएकाहरु महिलालाई उपभोग्य बस्तु ठानेर बलात्कारका घटना बढाएका छन्। बालिकादेखि वृद्धासम्म यस्ता घटनाका शिकार हुने गरेको घटना सार्वजनिक हुँदा हाम्रो समाज मुकदर्शक बनिरहेको छ। कानुन त छ तर, त्यसलाई कार्यान्वयन गर्ने निकाय फितलोका रहेकोले त्यस्ता घटनाहरु बढीरहेको छ। महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ। यस्ता घटनाले महिला जगतलाई आतंकित आउँछ भने सम्पूर्ण सभ्य समाज यस्ता कुकृत्यले स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक हो।

हामी अहिले पनि घोर अत्याचारको युगमा बाँचिरहेका छौं, जस्तो अनुभव हुने गर्दछ। बलात्कार वा बलात्कार प्रयासका घटना हाम्रा समाजको कलंकका रुपमा रहे झैं महिलालाई बोक्सीका नाममा, विधुवाका नाममा र यस्ता अनेकानेक घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन्। बलात्कार मात्र नभएर अन्य सबै खाले हिंसा न्युनिकरणका लागि सामाजिक स्तरबाटै अग्रसर हुनुपर्छ।

तसर्थ त्यस्ता घटनाहरुलाई जडैबाट हटाउन सामाजिक तथा कानुनी स्तरबाटै अगाडी बढ्नुका साथै तीनै तहका सरकार समेत गम्भिर भई अगाडी बढ्नुपर्ने आवश्यक रहेको छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# ‘दलित महिला र बालिकामाथि हुने हिंसाको अवस्था चिन्ताजनक छ’

काठमाडौँ, २३ मङ्सिर (रासस)।

नेपालमा महिला र बालिका घरभित्र र घरबाहिर दुवै स्थानमा सुरक्षित नरहेको एक अध्ययनले देखाएको छ।

यहाँ सोमबार सार्वजनिक गरिएको ‘नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा’ सम्बन्धी अध्ययन प्रतिवेदनले घरेलु हिंसा, बलात्कार, बलात्कार प्रयास र हत्या जस्ता जघन्य अपराध बढ्दै गएकाले सुरक्षाको अवस्था चिन्ताजनक रहेको देखाएको हो।

प्रतिवेदनमा दलित महिला तथा बालिकाले जातीय, लैङ्गिक, आर्थिक, सामाजिक-सांस्कृतिक गरी बहुपक्षीय उत्पीडन सहनुपरेको उल्लेख छ। दलित महिला संघ (फेडो) ले गरेको अध्ययनमा सरकारी निकायतर्फ आर्थिक वर्ष २०८१/०८२ र गैरसरकारी संस्थातर्फ सन् २०२४ को सेप्टेम्बरदेखि सन् २०२५ को अक्टोबरसम्मका दस्तावेज, अध्ययन तथा उजुरी विवरण विश्लेषण गएिका छन्। अध्ययनले महिला, विशेषगरी दलित महिला तथा बालिकाले हिंसा भोग्दा न्याय खोज्ने क्रममा पनि थप हिंसाको जोखिम बेहोर्नु परिरहेकाले संरचनागत असुरक्षा र दण्डहीनता अझ प्रष्ट देखाएको छ।

सरकारी निकायका दस्ताबेजमध्ये प्रहरीको विवरणमा महिलामध्ये दलित महिलाको हिस्सा कुल हिंसाका घटनाको ११ दशमलव ९३ प्रतिशत, बालिकाको १८ दशमलव ८० प्रतिशत, मानव अधिकार आयोगका अभिलेखमा दलिततर्फ महिला १४ दशमलव ०२ महिला र बालिका २६ दशमलव ९२ ले हिंसा भोगेको जनाइएको छ। यस्तै, राष्ट्रिय महिला आयोगमा ११ दशमलव ३४ प्रतिशत घटना दलित महिलासँग सम्बन्धित रहेको र राष्ट्रिय दलित आयोगका ६४ वटा उजुरीमा महिला र बालिका कुनै न कुनै रूपमा जोडिएको उल्लेख छ।

अध्ययनका क्रममा राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा सात हजार ५८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३० दशमलव ४८ प्रतिशत दलित बालबालिका प्रभावित भएको देखिएको अनुसन्धानकर्ता टिकाराम सुनारले जानकारी दिनुभयो। उहाँका अनुसार गैरसरकारी संस्थाका अभिलेखमा फेडोमा ४३९ घटना, इन्सेकका कूल पाँच हजार ८८६ उजुरी विवरणमा १७ दशमलव ६७ प्रतिशत, महिला पुनर्स्थापना केन्द्र (ओरेक) को अभिलेखमा २३ दशमलव ११, नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन) नेपालको अभिलेखमा हिंसामा पर्ने दलित बालबालिकाको सङ्ख्या १२ दशमलव ८०, समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले गरेको एक अध्ययनमा बालविवाहका कारण पढाई छोड्नेमा दलित समुदायका १७ दशमलव ५७, यौन हिंसा र दुर्व्यवहार भोग्नेमा अध्ययनमा समेटिएका दलितमध्ये ८० दशमलव ११ र उत्तरदातामध्ये ४८ दशमलव छ प्रतिशतले कुनै न कुनै स्थानमा जातयि भेदभाव भोग्नुपरेको र त्यसमध्ये पनि ९४ दशमलव ६२ प्रतिशत दलित रहेको पाइएको छ।

एक्सेस प्लानेट संस्थाले अपाङ्गता भएका महिलासम्बन्धी गरेको एक अध्ययनमा (दलित २० प्रतिशत) अपाङ्गता भएका ७९ प्रतिशत महिलाले जीवनमा कुनै न कुनै हिंसा भोगेको, तीमध्ये ६४ प्रतिशतले हिंसाविरुद्ध न्याय नखोजेको पनि जनाइएको छ। यसले न्यायमा पहुँच र न्याय प्रणालीप्रतिको भरोसा कमजोर रहेको विश्लेषण गरिएको छ।

यसैगरी अध्ययनका क्रममा गरिएको मिडिया विषयवस्तु विश्लेषणमा उल्लेखित सवालमा खोजमूलक विषयवस्तुको उठान, घटनाको नियमित ‘फलोअप’ तथा न्यायका लागि सशक्त पैरवी गर्न नसकिएको उल्लेख छ। पछिल्लो समय कोटा (आरक्षण) र कोठाका नाम दलितमाथि जातीय विभेद जनाउने र होच्याउने गरी हिंसा गर्ने प्रवृत्ति बढेको पनि प्रतिवेदनले औंल्याएको छ। “जातीय छुवाछूतका घटना नेपाल प्रहरीमा ३६, मानव अधिकार आयोगमा ९, इन्सेकमा ४४ रहेको देखिनुले सरकारी निकायको संस्थागत उपस्थिति कमजोर रहेको वा ती निकायप्रति भरोसा नहुँदा धेरैजसो पीडित न्यायका लागि नगएको जस्ता समस्या देखाएका छ। यसले न्यायमा पहुँच र न्याय प्रणालीमा विश्वास दिलाउने गरी काम गर्न जरुरी छ”, प्रतिवेदनमा भनिएको छ।

अध्ययनका क्रममा फेडोले अभिलेखिकरण र तथ्याङ्क व्यवस्थापन, न्यायमा पहुँच सुधार, डिजिटल तथा अनलाइन हिंसा रोकथाक, पत्रकारिताको भूमिका सबल बनाउन, संरचनागत तथा प्रणालीगत भेदभाव अन्त्य, बालबालिकाका लागि सुरक्षित ‘डिजिटल स्पेस’ र नीति, कानुन र कार्यान्वयन सबल बनाउनेपर्ने लगायत विषयमा विभिन्न सुझाव दिएको छ।

# भन्सार एजेण्टद्वारा ‘पेन डाउन’को घोषणा

भैरहवा, २३ मङ्सिर (रासस)।

भन्सार एजेण्ट महासङ्घ नेपालले मङ्सिर २० गते जारी भएको भन्सार ऐन २०८२ को विरोधमा देशभरका भन्सार कार्यालयमा मंगलबारदेखि ‘पेन डाउन’ गर्ने घोषणा गरेको छ।

महासङ्घले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा ऐनमा रहेका कतिपय दफाहरूले भन्सार एजेण्टको पेसा/व्यवसायलाई प्रत्यक्ष असर पार्ने र अन्तरराष्ट्रिय व्यापार सहजीकरणमा नकारात्मक प्रभाव पार्ने दाबी गरेको छ। महासङ्घले भन्सार ऐन, २०८२ रहेको केही व्यवस्थाका कारणले गर्दा एजेण्टलाई हतोत्साहित तुल्याएको दाबी गरेको छ। महासङ्घका अध्यक्ष प्राचीनकुमार थैवका अनुसार ऐनमा भन्सार एजेण्ट इजाजतपत्र प्राप्त व्यक्तिलाई हतोत्साहित पार्ने खालका दण्ड जरिवानाका प्रावधान समावेश गरिएको छ।

ऐनका प्रावधानले भन्सार एजेण्टको पेसागत हकहित र सहज काम गर्ने वातावरणमा नकारात्मक असर पुर्‍याएको भन्दै उहाँले ऐनको मस्यौदा तयार गर्दादेखि नै भन्सार विभाग र अर्थ मन्त्रालयलाई पेसागत हकहित र व्यापार सहजीकरणबारे ध्यानाकर्षण गराउँदा मागलाई बेवास्ता गरिएको गुनासो गर्नुभयो। थैवले जारी गरेको विज्ञप्तिमा सरकारले उत्पन्न परिस्थितिलाई समयमै समाधान गर्न पहल कदमी लिने अपेक्षा गरिएको जनाइएको छ।

सरकारले उठाएका मागलाई तत्काल सम्बोधन नगरे, आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरिने महासङ्घको भनाइ छ। भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०८२ को प्रावधानप्रति असन्तुष्टि जनाउँदै भैरहवा भन्सार कार्यालयमा कार्यरत भन्सार एजेण्टका कर्मचारी सोमबारदेखि नै आन्दोलित छन्र।

आन्दोलनको कारण दैनिक रु ३३ करोड राजस्व उठाउने दबाबमा रहेको भैरहवा भन्सार कार्यालयको राजस्व असुली प्रभावित बनेको छ। विद्युतीय माध्यमबाट विवरण घोषणा गर्दा प्राविधिक कारण वा मानवीय भूलबाट कागजात फरक पर्न सक्छर। सानो त्रुटिलाई जालसाजी वा बदनियत पूर्ण कार्य मानेर ठूलो जरिवाना लगाउनु अन्यायपूर्ण रहेको भन्सार एजेण्टको भनाइ छ।

बदनियत पूर्ण ढङ्गले गरिने त्रुटि र साधारण त्रुटिबीच स्पष्ट विभेद गरिनुपर्ने उनीहरूको माग छर। “जानाजान राजस्व छल्ने उद्देश्यले गरिएको कार्यमा मात्र कडा कारबाही हुनुपर्छ, असावधानीले हुने त्रुटिमा ठूलो सजाय उचित होइन”, महासङ्घका अध्यक्ष थैवले भन्नुभयो।

# ठेक्का प्रणालीको उचित व्यवस्थापन नहुँदा अर्थतन्त्र र रोजगारीमा असर परेको छ : मन्त्री घिसिङ

ललितपुर, २३ मङ्सिर (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकासमन्त्री कुलमान घिसिङले विकास निर्माणसँग सम्बन्धित ठेक्का प्रणालीको उचित व्यवस्थापन नहुँदा देशको अर्थतन्त्र र रोजगारीमा असर परेको बताउनुभएको छ।

नेपाल पूर्वाधार पत्रकार समाजले मंगलबार ललितपुरमा आयोजना गरेको रुग्ण ठेक्का व्यवस्थापन सम्बन्धी सरोकारवालासँगको संवादलाई सम्बोधन गर्दै मन्त्री घिसिङले सरकारी ठेक्का लिएर समयमा काम नगर्दा देश र जनतालाई नै घाटा पुगेको उल्लेख गर्नुभयो।

“ठेक्काअनुसार काम नहुँदा विकास निर्माणमा समस्या भएको छ, नेपालको कानुनले कुनै पनि काम ठेक्का विना गर्न दिँदैन, ठेक्का व्यवस्थापन नहुँदा रोजगारी, अर्थतन्त्रमा समेत असर पर्छ,” उहाँले भन्नुभयो।

उहाँले ठेक्का सम्पन्न भएपछि समयमा भुक्तानी नगर्ने र निर्णय नगर्नेलाई पनि कारबाही गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री घिसिङले नेपालमा लगानी सम्मेलनभन्दा पनि ठेकेदारहरूको सम्मेलन गर्नुपर्ने अवस्था रहेको धारणा राख्नुभयो।

संवादको सुरुआतमै पूर्वाधारविज्ञ एवम् पूर्वसचिव अर्जुनजङ्ग थापाले ठेक्का तोड्ने सरकारी नीति र त्यसको प्रभावका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

# निर्वाचनका लागि सहयोग गर्ने भारतको प्रतिबद्धता

काठमाडौँ, २३ मङ्सिर (रासस)।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न छिमेकी भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले मंगलबार गर्नुभएको शिष्टाचार भेटमा उहाँले निर्वाचनका लागि आवश्यक स्रोतसाधन र सुरक्षा बन्दोबस्तीका सामग्री सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

भारतीय विदेश मन्त्रालयको उत्तर मामिला हेर्ने अतिरिक्त सचिव मुनु नेपाल भ्रमणको सिलसिलामा आइतबार काठमाडौँ आउनुभएको हो।

भेटमा भारतीय अतिरिक्त सचिवले जाजरकोट भूकम्पपछिको पुनर्निर्माण तथा विपद्बाट क्षति भएका संरचनाको पुनर्स्थापना र व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको गृहमन्त्रीको स्वकीय सचिवालयले जनाएको छ। अतिरिक्त सचिव महावरले गृहमन्त्री अर्याललाई उपयुक्त समयमा भारत भ्रमणको निमन्त्रणासमेत दिनुभयो।

सो क्रममा गृहमन्त्री अर्यालले कञ्चनपुरको दोधारा-चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहको कामलाई तीव्रता दिन आग्रह गर्नुभयो।

सीमा अपराध रोकथाम, चोरी तस्करी, अवैधवस्तुको ओसारपसार र आपराधिक गतिविधि नियन्त्रण गर्न दुवैतर्फका सीमा सुरक्षा सङ्गठनको क्षमता अभिवृद्धि र सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्नेमा गृहमन्त्रीले जोड दिनुभयो।

# समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाडौँ, २३ मङ्सिर (रासस) । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय सोमबार आयोगको कार्यालय परिसरमा स्थापना भएको हो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यालयको उद्घाटन गर्नुभएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै आयोगको यही मङ्सिर १२ गतेको निर्णयानुसार समानुपातिकतर्फको निर्वाचन अधिकृत तोकिनुभएका आयोगका सचिव माहादेव पन्थले सो जिम्मेवारी बहन गर्नुभएको छ ।

उक्त निर्वाचन प्रणालीतर्फ सहायक निर्वाचन अधिकृतका रूपमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईलाई तोकिएको छ । समानुपातिक निर्वाचन व्यवस्थापनका लागि कूल ४१ जना कर्मचारी कार्यरत रहनेछन् । कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ ।

कार्यालयको उद्घाटन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले समानुपातिक निर्वाचन प्रणालीका सबै कार्य निर्वाचन अधिकृतको कार्यालयबाट हुने भएकाले सबै सरोकार भएकालाई सहज हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सूत्रात्मक पद्दतिबाट राष्ट्रिय तथ्याङ्क कार्यालयसमेतको सहयोगमा कानुनबमोजिमका जातीय, भौगोलिक, लैङ्गिकलगायत समूह छुटाइए प्रतिनिधि चयन गरिने भएकाले सबैपक्षको भरोसा रहने उल्लेख गर्नुभयो ।

सो कार्यक्रममा निर्वाचन आयुक्तद्वय डा जानकीकुमारी तुलाधर रसगुन शम्शेर जबरा एवं आयोगका कर्मचारीको उपस्थिति थियो । यस्तै, सोमबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र कानुनमन्त्री अनिलकुमार सिन्हाले निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तसँग निर्वाचन पूर्वतयारीको अवस्था र आगामी दिनमा निर्वाचन सम्पन्न गर्न सरकारले आयोगलाई उपलब्ध गराउनुपर्ने सहयोगका विषयमा छलफल गर्नुभएको थियो । छलफलमा अर्थमन्त्रीले निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यकपर्ने बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्नु भएका कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सिन्हाले निर्वाचन सम्पन्न गर्नका निम्ति आवश्यक कानुनी सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो । उहाँले निर्वाचन सम्पन्न गर्ने कार्यमा स्वदेशी वस्तु र उत्पादनको प्रयोग गर्न आयोगलाई अनुरोध गर्नुभएको थियो ।

सो छलफलबाट प्रतिनिधिसभा सदस्य निर्वाचन र राष्ट्रियसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न थप मद्दत पुग्ने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

# सरकारले 'जेनजी' प्रदर्शनका घाइतेहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीको व्यवस्था मिलाउने

काठमाडौँ, २३ मङ्सिर (रासस) । सरकारले 'जेनजी' प्रदर्शनका क्रममा भएका घाइतेको शिक्षा, स्वास्थ्य तथा रोजगारीको व्यवस्था मिलाउने कार्य अगाडि बढाउने भएको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गत भदौ २३ र २४ गतेको जेनजी 'प्रदर्शन' का क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई राहत उपलब्ध गराउन 'जेनजी घाइते राहत सहायता कार्यविधि २०८२' स्वीकृत गर्ने निर्णयसमेत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो ।

बैठकले विसं २०८१ चैत १५ गते काठमाडौँको तीनकुनेमा भएको प्रदर्शनका क्रममा मृत्यु भएका स्व पत्रकार सुरेश रजकलाई राज्यका तर्फबाट सहिद घोषणा गर्ने निर्णयसमेत गरेको छ ।

यस्तै, आर्थिक वर्ष २०८२/८३ का लागि किसानले उत्पादन गर्ने उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल रु ६२० तोकिएको छ । मन्त्रिपरिषद्को निर्णयअनुसार सरकारले किसानलाई प्रतिक्विन्टल रु ७० अनुदान कायम गरेको छ ।

यस्तै, विभिन्न दश जिल्लाका गरिब परिवारको सूचीसमेत स्वीकृत गरिएको प्रवक्ता खरेलले बताउनुभयो । तेह्रथुम, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व र पश्चिम), पर्वत, मोरङ र सुनसरीलगायत गरी २७ गरिब परिवारको सूची स्वीकृत गरिएको हो ।

यस्तै, 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व दोश्रो संशोधन नियमावली २०८२' स्वीकृत गर्ने र नेपाल प्रशासन सेवाको समूहीकरणअन्तर्गत विशिष्ट श्रेणीको रिक्त सचिव पदमा सहसचिव राजेन्द्रकुमार पौडेललाई बढुवा गर्ने निर्णय गरिएको छ ।

***'जेनजी' प्रदर्शनको ...***

सिर्जना भएको पनि उल्लेख गरिएको छ ।

प्रतिवेदनमा प्रत्यक्षदर्शीको बयान, तस्बिर र भिडियो प्रमाण, चिकित्सक र पत्रकारसँगको अन्तर्वार्ताका आधारमा निष्कर्ष निकालिएको जनाइएको छ ।

प्रतिवेदनमा प्रदर्शनका क्रममा मारिएका र घाइते युवाहरूलाई न्याय दिलाउन सरकारसँग आह्वान गर्दै विरोध व्यवस्थापनसम्बन्धी कानुन र अभ्यासलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार सुधार गर्न सुझाव दिइएको छ ।

***अझै फेला परेनन् ...***

र ४६ जना गरी एक सय ११ जना अझै बेपत्ता छन् ।

यस अवधीमा १० जना बालक हराएकोमा ८ जना फेला परेको, ५२ जना बालिका हराएकोमा ३२ जना भेटिएको, ६१ जना महिला हराएकोमा ३१ जना भेटिएको, १४ जना पुरुष हराएकोमा ८ जना भेटिएको र २ जना ज्येष्ठ नागरिक हराएकोमा १ जना भेटिएको कार्यक्रममा गरिएको प्रहरी तथ्याङ्कमा उल्लेख छ ।

यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीमा ५ महिनामा ९५ वटा महिला हिंसाका उजुरी परेको जानकारी दिइएको छ । प्रहरीका अनुसार चालु आ.ब.को साउनदेखि अहिलेसम्म ९५ वटा उजुरी पर्दा ७० वटाको मिलापत्र गराइएको र २५ वटा सम्पर्कमा नआएकाले बाँकी रहेको हो ।

यस अवधीमा घरेलु हिंसा सम्बन्धी १४ वटा निवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्रमा परेको छ । त्यसमध्ये १२ वटाको मिलापत्र गराइएको र २ वटा बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०८/१७

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. ५० सुनरा हजाम नैवाको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे विषहरिया सा.कि.नं. १२० को ज.वि. ०-२-११ जग्गा मध्ये सुनर ठाकुरको नाममा ७ नं. फाटवारीमा जि.स. पं. विषहरिया सा.कि.नं.१२० ज.वि. ०-१-६ कायम भएको जग्गा २०२८ सालमा पुली ठाकुर हजामको नाममा तपसिल बमोजिम नापी भएको जग्गा पुलकित ठाकुर हजामबाट छुतहरु ठाकुरले मिति २०२९/०७/१९ मा खरिद गरि लिएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मलेठ वडा नं.२ हाल राजविराज न.पा. वडा नं. १३ बस्ने बौवा ठाकुरको नाती छुतहरु ठाकुरको छोरी घोधनी देवी ठाकुरनीको यस कार्यालयमा द.नं. १७९१ मिति २०८२/०५/०२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२० | सुनरा हजाम नौवा | विषहरिया | ८क | ६३ | ०-२-६ | घोधनी देवी ठाकुरनी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा पुली ठाकुर हजामको नम्बरी हो जनिएको। |


# विश्व समाचार

## सन् २०२५ रेकर्डमा दोस्रो सबैभन्दा तातो वर्ष बन्ने बाटोमा : अध्ययन

पेरिस, २३ मङ्सिर (रासस/एएफपी) ।

सन् २०२५ मा पृथ्वी दोस्रो सबैभन्दा तातो वर्षको रूपमा रेकर्ड हुने देखिएको युरोपको वैश्विक तापमान अनुगमन निकायले मङ्गलबार जनाएको छ । यो बर्षको तापमान सन् २०२३ सँग बराबरी हुने बाटोमा रहेको उक्त संस्थाले जनाएको हो । सन् २०२४ मा विश्वको तापक्रम पृथ्वीको तपक्रम रेकर्ड गर्न थालिएपछि पहिलो पटक उच्च बिन्दुमा पुगेको थियो । 'कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस' को तथ्याङ्ले विश्वव्यापी तापक्रम पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसले बढ्ने बाटोमा रहेको कुरा पुनः पुष्टि गर्दछ । यो सीमा सन् २०१५ को पेरिस सम्झौतामा सुरक्षित मानिएको थियो । सेवाको मासिक अपडेट अनुसार, जनवरी र नोभेम्बरको बीचमा औसत तापक्रम १.४८ डिग्री सेल्सियसले बढेका र रेकर्डमा दोस्रो सबैभन्दा तातो वर्ष बनेको छ ।

"सन् २०२३/२५ को तीन-वर्षे औसत तापक्रम पहिलो पटक १.५ डिग्री सेल्सियसभन्दा बढी हुने बाटोमा छ," कोपर्निकसकी जलवायु रणनीतिक प्रमुख सामन्था बर्गसले एक विज्ञप्ति जारी गरी जानकारी गराउनुभएको छ । "यी उपलब्धिहरू अमूर्त छैनन्, तर तिनीहरूले जलवायु परिवर्तनको तीव्र गतिलाई प्रतिबिम्बित गर्छन् । भविष्यमा बढ्दो तापक्रमलाई कम गर्ने एकमात्र तरिका हरितगृह ग्यास उत्सर्जनलाई द्रुत रूपमा घटाउनु हो," बर्गसले भनिन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वले आगामी केही वर्षमा ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसभन्दा तल राख्न नसक्ने चेतावनी अक्टोबरमा दिनुभएको थियो ।

कोपर्निकसका अनुसार, गत महिना औद्योगिक पूर्वको स्तरभन्दा १.५४ डिग्री सेल्सियसले बढी रहेर रेकर्डमा तेस्रो सबैभन्दा तातो नोभेम्बर बनेको थियो । गत महिना औसत सतहको हावाको तापक्रम १४.०२ डिग्री सेल्सियस पुगेको थियो । यस्तो क्रमिक वृद्धि सानो देखिन सक्छ तर यसले पहिले नै जलवायुलाई अस्थिर बनाइरहेको छ र आँधी, बाढी तथा अन्य विपद्हरूलाई अझ तीव्र र बारम्बार बनाइरहेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । अनुगमनकर्ताले भनेको छ, "यो महिना दक्षिणपूर्वी एसियामा उष्णकटिबन्धीय चक्रवातसहितका धेरै चरम मौसमी घटनाहरूका लागि चिनिएको थियो । यसले व्यापक, विनाशकारी बाढी र जनधनको क्षति गराएको थियो ।"

## पाकिस्तानमा भएको आक्रमणमा, ६ सैनिकको मृत्यु, ६ घाइते

इस्लामाबाद, २३ मङ्सिर (रासस/सिन्ह्वा) ।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा सोमबार आतङ्कारीहरूले सुरक्षा फौज माथि आक्रमण गर्दा छ जना सुरक्षाकर्मीको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएको सुरक्षा स्रोतले मङ्गलबार जनाएका छन् । स्थानीय समय अनुसार सोमबार दिउसो करिब १:३०मा आतङ्कारीहरूले कुर्रम जिल्लामा सेनाका जवानहरूमाथि गोली चलाएर आक्रमण गरेको स्रोतहरूले नाम न छाप्ने सर्तमा बताएको सिन्ह्वाले जनाएको छ । आक्रमणको प्रतिक्रीय स्वरुप सुरक्षा बलहरूले गोली चलाउदा बेलुका ७:५० बजे सम्म निरन्तर आक्रमण जारी रहेको स्रोतले जनाएको छ । तिव्र झडप र अँध्यारोका कारण घटना स्थलबाट मृतक सैन्य कर्मचारीहरूको शव अहिलेसम्म बरामद हुन नसकेको जनाइएको छ । झडपमा घाइते भएका छ जना कर्मचारीहरूलाई सुरक्षित रूपमा उपचारको लागि नजिकैको अस्पतालमा लगिएको जनाइएको छ । स्रोतहरूका अनुसार दुई दलहरू तैनाथ सैनिकहरूलाई समर्थन गर्न पठाइएको अवस्थामा संदिग्ध उग्रवादी समूहले उक्त स्थानहरूमा आक्रमण गरी गोली चलाइएको थियो । प्रारम्भिक प्रतिवेदनले झडपमा दुई जना आतङ्कवादी मारिएको र अन्य दुई जना घाइते भएको जनाएको भएता पनि अहिलेसम्म कुनै शव वा घाइते आतङ्कवादीहरू फेला नपरेको स्रोतले जनाएका छन् ।

## नाइजेरियाका राष्ट्रपतिद्वारा अपहरण गरिएका सय भन्दा बढी विद्यार्थीको उद्धारको पुष्टि

अबुजा, २३ मङ्सिर (रासस/सिन्ह्वा) ।

नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले गत महिना नाइजरियाको एक विद्यालयमा आक्रमण गरी सयौं विद्यार्थी र शिक्षकहरूलाई अपहरण गर्ने सन्दिग्ध आतङ्कारीहरूबाट कम्तिमा १०० जना विद्यालय विद्यार्थीहरू उद्धार गरिएको पुष्टि गर्नु भएको छ । विज्ञप्ति जारी गर्दै राष्ट्रपति टिनुबुले स्थानीय सुरक्षा एजेन्सीहरूलाई राज्यको पापिरि क्षेत्रमा नोभेम्बर-२१ मा भएको आक्रमणपछि अझै पनि बन्दी बनाइएका अन्य पीडितहरूलाई उद्धार गर्ने प्रयास जारी राख्न निर्देशन दिनु भएको छ । यस अघि, सुरक्षा बलले घटनाको केही दिन पछि आक्रमणमा अपहरण गरिएका ३१५ विद्यार्थी र शिक्षकहरू मध्ये कम्तीमा ५१ जनालाई उद्धार गरेको थियो ।

"नाइजर राज्यको क्याथोलिक स्कूलबाट १०० जना विद्यार्थीहरू सुरक्षित फर्केको बारेमा मलाई जानकारी दिइएको छ, म गभर्नर उमर बागोससँग खुसी छु र दुर्भाग्यपूर्ण घटना पछि विद्यार्थीलाई उनीहरूको परिवारमा सुरक्षित फिर्ता सुरक्षा एजेन्सीहरूले गरेको दृढ कार्यको प्रशंसा गर्दछु" टिनुबुले भन्नु भयो । यसै बिच अपहरण गरिएका सबै विद्यार्थीहरूलाई उनीहरूका परिवारसँग पुनर्मिलन गर्ने प्रयास सरकारले जारी राख्ने राष्ट्रपतिले अभिभावकहरूलाई आश्वासन दिनु भएको छ । उहाँले सुरक्षा फौजलाई देशभरबाट अपहरण गरिएका सबै विद्यार्थी र अन्य नाइजेरियालीहरूलाई उद्धार गरी सुरक्षित घर ल्याउन निर्देशन दिएकोसमेत उल्लेख गर्नु भएको छ । उहाँले सबै पीडितहरूको एकिन गरी नाइजेरियाली सरकारले विद्यालयहरू सुरक्षित गर्न र युवाहरूका लागि सुरक्षित र अनुकूल सिक्ने वातावरण सिर्जना गर्ने काम जारी राख्ने विश्वास पनि दिलाउनु भएको छ । टिनुबुले अब देखि सुरक्षा एजेन्सीहरूलाई ३६ वटै राज्यका गभर्नरहरूसँग मिलेर भविष्यमा हुने अपहरणहरू रोक्नका लागि रोकथामका उपायहरू अपनाउन निर्देशन दिनु भएको छ ।

# जिल्ला प्रशासनमा जेनजी सुशासन योद्धाको नामावली राख्न गृहको परिपत्र

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ मंसिर ।**

गृह मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु भएका मध्ये ४५ जना जेनजी सुशासन योद्धाको नामावली प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै तीन दिनभित्र प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो । गृहमन्त्री ओमप्रकाश अर्यालले उक्त व्यवस्था गर्नेसम्बन्धी सोमबारै मन्त्रिस्तरीय निर्णय गर्नुभएको मन्त्रालयले जनाएको छ ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मृत्यु भएकामध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरेको थियो । सहिद घोषणासम्बन्धी सूचना गत कात्तिक १७ गते नेपाल राजपत्रमा प्रकाशित भएको थियो ।


स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

राजविराज –४, सप्तरी

मिति : २०८२/०८/२४

### बिषय :– लेखापरीक्षक आवश्यक्ता सम्बन्धी सुचना ।

उपरोक्त सम्बन्धमा यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.को आ.व.२०८२/०८३ को बाह्य लेखा परिक्षण गर्न दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षकको आवश्यक्ता भएकोले ईच्छुक दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षक लाई तपशिलमा उल्लेखित कार्यविवरण र पारिश्रमिक अनुसार आवश्यक कागजातहरु सहित मिति २०८२/०९/०४ गते सम्म यस संस्थाको कार्यालयमा कार्यालय समय भित्र आवेदन पेश गर्नहुनलाई जानकारी गराईन्छ ।

**तपशिल**

(क) कार्य विवरण तथा पारिश्रमिक :

१.यस संस्थाको आ.व.२०८२/०८३ को बार्षिक लेखा परिक्षण गरी प्रतिबेदन पेश गर्ने ।
२.प्रचलित ऐन, कानुन तथा नियमावली अनुसार नितिगत सुधार तथा संशोधनको लागी आवश्यक राय सुझाव पेश गर्ने ।
३.लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम हुने ।

(ख) आवश्यक कागजातहरु :

१. निवेदन ।
२. पेशागत प्रमाण पत्रको प्रतिलिपी ।
३. लेखा व्यवसायी सदस्यता प्रमाण पत्रको प्रतिलिपी ।
४. नविकरण भएको लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलीपी ।
६. लेखापरिक्षकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. लेखा परिक्षणमा नियुक्तिका लागी अयोग्य नभएको स्वघोषणा ।



## धितो लिलाम बिक्रि गर्ने बारे १५ दिने अत्यन्तै जरुरी सूचना

**दोश्रो पटक प्रकाशित मिति :२०८२/०८/२४**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८१/०४/१३ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि रु५ दिने सार्वजनिक सूचना, मिति २०८१/०५/१९ गते १५ दिने सूचना र मिति २०८१/०६/१६ गते ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उलेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो दोश्रो पटक प्रकाशित १५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलमा बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरिलिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नगरेमा वा रितपुर्बक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यश संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले साकार गर्दा साबिकमा भएको यश संस्थाबाट मुल्यांकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरिलिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समाबेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपसिल**

| ऋणीको नाम | जिल्ला | गा.बि.स/गा.पा. | वार्ड न. | किता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| नाम : बिसुन देव चौधरी थारु | सप्तरी | सितापुर | ८ | ९ | ०-४-८-० |
| बाजेको नाम : मुनिचन्द चौधरी | सप्तरी | सितापुर | ७ | ४७९ | ०-२-०-० |
| बाजेको नाम : भालु चौधरी | सप्तरी | सितापुर | ७ | ४७८ | ०-०-११.५-० |

जमानी : अनिल कुमार चौधरी
ठेगाना : अग्नीसाईर कृष्णासबरण गा.पा.-२, ईटहर्वा, सप्तरी

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय राजविराज ४ सप्तरी
टेलिफोन न.०३१-५३२५२२/५२१११२


# सिटी सफारी चालक हत्या प्रकरणमा राजविराजका दुईसहित सात जना पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, २३ मंसिर ।**

गत असोज २५ गते यहाँको रामधुनी नगरपालिका २, कर्मनिया टोलस्थित भित्री सडकमा सिटी सफारी चालक दिनेशकुमार चौधरीको गोली हानी हत्या गरेको अरोपमा राजविराजका दुईसहित सात जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा रामधुनी १ का ४३ वर्षीय राज किशोर साह, ४० वर्षीय नन्द किशोर साह, राजविराज १६ का २८ वर्षीय अङ्कित साह, २८ वर्षीय प्रिन्सकुमार दास, भोक्राहा नरसिंह ५ का ३४ वर्षीय मोहम्मद इब्रान मिया, देवानगन्ज ४ का ३७ वर्षीय गियास मन्सुरी र देवानगन्ज ५ का २५ वर्षीय मिथिलेश यादव रहेको सुनसरीका प्रहरी उपरीक्षक केशव थेबेले जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालयले सोमबार इनरुवामा पत्रकार सम्मेलन गरी गत असोज २५ गतेको सो घटनामा पक्राउ परेका बारे जानकारी गराएको थियो । प्रदेश १-०२-००४ ह ७८०४ नम्बरको सिटी सफारी चालक रामधुनी २ का ४५ वर्षीय चौधरीलाई अपरिचित व्यक्तिले गोली हानी हत्या गरेका थिए । घटनाको अनुसन्धानका क्रममा मृतक चौधरीले तन्त्रमन्त्र गरी परिवारजनलाई लामो समयदेखि दुःख दिँदै आएका कारण योजनाबद्ध रूपमा हत्या गरिएको बयानमा पाइएको प्रमुख थेबेले बताए ।

हत्या गर्नका लागि छ लाख ५० हजार रुपैयाँ लिएको समेत अनुसन्धानमा देखिएको प्रहरी उपरीक्षक थेबेले बताए । पक्राउ परेकाले घटनामा संलग्नता रहेको स्वीकार गरिसकेको प्रहरीले जनाएको छ । पक्राउ परेका विरुद्ध कर्तव्य ज्यान मुद्दामा कारबाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पत्रकार सुरेश रजकलाई सहिद घोषणा गर्ने सरकारको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ मंसिर ।**

स्वर्गीय पत्रकार सुरेश रजकलाई सरकारले सहिद घोषणा गर्ने निर्णय गरेको छ ।

गत चैत १५ गते तीनकुने घटनामा समाचार सङ्कलनका क्रममा ज्यान गुमाएका रजकलाई सरकारले सहिद घोषणा गर्ने निर्णय गरेको हो ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।


## प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मुख्य कार्यालय राजविराज-४, सप्तरी**

### ऋण बुझाउने आउने बारे १५ दिने सार्वजनिक सूचना

**मिती :-२०८२/०८/२४**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज ४ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जाना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित तागेदा पत्राचार गरिसकिएको, तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुँदा निजहरुलाई ऋण बुझाउन आउने भनि १५ दिने सार्वजनिक सूचना जारि गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्रि गरि असुल उपर गरिने ब्योहोरा समते जानकारी गराईन्छ ।

**तपसिल**

| क.स. | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | ऋणको उदेश्य |
|---|---|---|---|---|---|
| १. | चन्द्रिका देवी यादव | राजविराज १२ | बिनोद कुमार यादव | जग नारायण यादव | घर जग्गा ऋण |
| २. | सुमित्रा देवी शर्मा | राजविराज ५ | कामेश्वर शर्मा | राम देव सुतिहार | घर जग्गा ऋण |
| ३. | गीता कुमारी मेहतर | राजविराज ६ | बालेश्वर कुमार मेहतर | लक्ष्मी मेहतर | घर जग्गा ऋण |
| ४. | हमिद मीया/मकिना खातुन | खड्क नपा ६ | संतु मिया | गम्भिर मियाँ | घर जग्गा ऋण |
| ५. | बब्लु खाँन | राजबिराज ४ | मो.कमरुदीन | मो.अजिज | घर जग्गा ऋण |





**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*